बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं. ०१

बी.स. ०४ (२०७८/७९) च.नं. २३

मिति: २०७८।०४।०१

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

**विषय: थन्किएको अवधि (Lay-up Period) सम्बन्धमा ।**

नेपाल सरकारले दोस्रो चरणको कोरोना भाइरस (COVID-19) महामारीको नियन्त्रणका लागि निषेधाज्ञा जारी गरेको हुँदा सार्वजनिक यात्रुवाहक सवारी साधनहरु संचालनमा नआएकोले थन्किएको अवधि (Lay-up Period) मा बीमाशुल्क छुट गर्ने सम्बन्धमा तपसील बमोजिम गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ :-

**तपसिल :**

१. सार्वजनिक यात्रुवाहक सवारी साधनको हकमा थन्किएको अवधि (Lay-up Period) गणना गर्दा निषेधाज्ञा शुरु भएको मितिदेखि लिने र समयावधि नेपाल सरकारबाट लकडाउन हटाएको समयसम्म कायम गर्ने,

२. चालु बीमा अवधिमा दाबी परिसकेको सवारी साधनको हकमा थन्किएको अवधि (Lay-up Period) को लागि छुट लागू नहुने,

३. उपरोक्त बमोजिम थन्किएको अवधि (Lay-up Period) को बीमा शुल्क छुटको गणना निम्नानुसार गर्ने :-

(क) सार्वजनिक यात्रुवाहक सवारी साधनको कुल वार्षिक बीमा शुल्कको एक तिहाई (१/३) रकम थन्किएको अवस्थाको जोखिमको लागि कट्टा गरी बाँकी दुई तिहाई (२/३) मा समानुपातिक रकम छुट दिने,

(ख) उपरोक्त (क) अनुसार कुल प्रिमियम हिसाब गर्दा तेस्रो पक्ष/यात्रु/कर्मचारीको बीमा लगायत जोखिम समूह समेतको हिसाब गर्नुपर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम प्रदान हुने छुट रकम, सार्वजनिक यात्रुवाहक सवारी साधन बीमाको नविकरण बीमा शुल्कमा समायोजन गर्ने । साथै, सार्वजनिक यात्रुवाहक सवारी साधनको अन्यत्र बीमकसँग नविकरण हुने अवस्थामा बीमितको अनुरोधमा बीमकले छुट रकमको प्रमाणपत्र उपलब्ध गराउनु पर्ने ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np